श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### होटेलको व्यवस्था तथा मदिराको बिक्री वितरणमा नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सदाचार, सुविधा स्वास्थ्य, एवं आर्थिक हित कायम राख्नको लागि होटेलको व्यवस्था तथा मदिराको बिक्री वितरणमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा–

(क) "होटल" भन्नाले भोजन (खाना पिना) को प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यवसायिक आधारमा चलाइएको होटेल सम्झनु पर्छ र यो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

४५७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "कुनै होटेल वा पसलका सम्बन्धमा मालिक" भन्नाले होटेल वा पसलको कारोबारमा अन्तिम नियन्त्रण भएको व्यक्ति वा व्यक्तिहरू सम्झनु पर्छ र यो शब्दले त्यस्तो होटेल वा पसलको काम चलाउन मेनेजर वा मैनेजिङ्ग एजेन्ट नियुक्त भै राखेको भए निजलाई समेत जनाउंछ ।

(ग) "ग्राहक" भन्नाले होटेलमा बसोबास गरी वा नगरी भोजन (खाना पिना) को लागि होटेलमा आउने ग्राहक सम्झनु पर्छ ।

(घ) "मदिरा" भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरीकाले तयार गरिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियर समेतलाई सम्झनु पर्छ ।

(ङ) "पसल" भन्नाले भट्टी पसललाई समेत जनाउँछ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. होटेल वा पसलको मालिकले मदिरा बेच्न र खुवाउनमा नियन्त्रणः– (१) मदिरा खुवाउने व्यवस्था भएको होटेल वा पसलको मालिकले यो ऐन प्रारम्भ भएपछि दिउँसो १२ बजे भन्दा पहिले र शुक्रवारको हकमा राती १ बजे पछि र अन्य वारको हकमा राती १२ बजे पछि आफ्नो होटेल वा पसलमा कसैलाई मदिरा बिक्री गर्न वा खुवाउन हुँदैन ।

(२) होटेल मालिकले शुक्रवारको दिन राती १ बजेपछि र अन्य वारको हकमा राती १२ बजेपछि ग्राहकहरूको निमित्त मनोरञ्जन वा नाँच गानको व्यवस्था गर्न हुदैन ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी सो उप–दफाहरूमा लेखिएको समयमा आवश्यकता अनुसार घटबढ गर्न सक्नेछ ।

४. होटेलमा अश्लील वा लज्जाजनक मनोरञ्जन वा नाचगान देखाउन नहुनेः– होटेल मालिकले आफ्नो होटेलमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन हुँदैन ।

५. होटेल मालिकको कर्तव्यः– (१) होटेल मालिकको देहाय बमोजिम कर्तव्य हुनेछः–

(क) होटेलमा आएका ग्राहकको नाम, नागरिकता, पेशा, आएको मिति र ठेगाना समेतको विवरण लेखाउने ।

(ख) होटेलमा कोठा खाली भएमा सरूवा वा संक्रामकरोग पीडित ग्राहक बाहेक अरू ग्राहकलाई बस्न दिनु पर्ने ।

(ग) होटेलमा आएका ग्राहकलाई मुनासिब माफिकको दाममा शुद्ध तथा पवित्र भोजन खुवाउने ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने ।

(ङ) ग्राहकको मालसामान नगद रूपैयाँ वा अरू कुनै मूल्यवान चीज ग्राहकले जिम्मा दिन चाहेमा ग्राहकले माग गरेको बखतमा फिर्ता दिने गरी आफ्नो जिम्मा लिई त्यसको रसीद दिने ।

(च) मदिरा बेच्दा वा खुवाउदा शान्ति सुरक्षाको ख्याल गर्ने ।

(छ) होटेल साफ सुघर राख्न लगाउने ।

(ज) ग्राहकलाई मदिरा खुवाउँदा होस् हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा खुवाउन नहुने ।

(झ) मदिरा खुवाउँदा होटेलको भित्री भागमा खुवाउने व्यवस्था गर्ने ।

(२) उप–दफा (१) को खण्ड (ङ) बमोजिम जिम्मा लिएको मालसामान दैविघट्नाबाट नासिएमा त्यस्तो मालसामानको जवाफ देही होटेल मालिकको हुने छैन ।

६. ग्राहकको मालसामान लिलाम गर्नेः– ग्राहकले होटेलमा बस्दा र खाँदाको खर्च नतिरी आफ्नो मालसामान छोडी हिंडेमा त्यसरी हिंडेको मितिले ७ दिन पछि त्यस्ता मालसामानको विवरण र ग्राहकको पूरा नाम, र वतन खोली पैंतीस दिनको म्याददिइ स्थानीय पत्र पत्रिकामा विज्ञापन गरी होटेल मालिकले सो मालसामान लिलाम बिक्री गर्न सक्ने छ र सो लिलाम बिक्री गर्दा आएको रकमबाट आफूले लिनु पर्ने रकम र लिलाम बिक्री गर्दा लागेको खर्च कटाई बाकी बचेको रकम ग्राहकले लिन आएका बखत निजलाई बुझाई दिनु पर्छ ।

७. नावालक र मदिराले मातेको व्यक्तिलाई मदिरा बेच्न खुवाउन नहुनेः– १६ वर्ष मुनीका नाबालक र मदिराले मातिसकेका व्यक्तिलाई कुनै पनि होटेल वा पसलको मालिकले मदिरा बेच्न वा खुवाउन हुँदैन ।

८. खास खास होटेल वा पसल र क्षेत्रमा मदिरा बेच्न र खुवाउन नहुनेः– दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकेको होटेल, पसल वा क्षेत्रमा मदिरा बेच्न र खुवाउन निषेध गर्न सक्नेछ ।

९. मदिरा खाई मातेको ग्राहकलाई प्रवेश निषेधः– कुनै होटेल वा पसलको मालिकले मदिरा लागि मातेका व्यक्तिलाई जानी जानी आफ्नो होटेल वा पसलमा प्रवेश गराउन हुँदैन ।

१०. दण्ड सजायः– (१) दफा ३, ५ वा ७ को वर्खिलाप काम गर्ने होटेल मालिक वा दफा ३ वा ७ को वर्खिलाप काम गर्ने कुनै पसलको मालिकलाई तोकिएको अधिकारीले बढीमा रू. ५,०००।– पाँच हजारसम्म जरिवाना गर्न र आवश्यक देखिए त्यस्तो होटेल वा पसल बन्द गर्ने आदेश दिन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ४ को बर्खिलाप काम गर्ने होटेल मालिकलाई तोकिएको अधिकारीले रू. ५,०००।– पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ र सो दफाको बर्खिलाप होटेल मा भैरहेको वा हुने भएको मनोरञ्जन वा नाच गान बन्द गराउने छ ।

(३) दफा ८ वा ९ को उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले बढीमा ३ महीनासम्म कैद वा रू. १,०००।– एक हजारसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने छ ।

११. अपीलः– दफा १० बमोजिम दिइएको सजायमा चित्त नबुझ्ने व्यक्तिले सो सजायको आदेश उपर अञ्चल अदालतमा अपील गर्न सक्नेछ ।

१२. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१३. बचाउः– यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएको जति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२३।६।९।१

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।